जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १५२ पृष्ठः ४ | २०८३ असोज २१ बुधबार (Wednesday 07 Oct. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## कमला नदीको पुल निर्माण अन्तिम चरणमा, मंसिरदेखि सञ्चालनमा ल्याइने



जनकपुरधाम, २० असोज। पूर्व–पश्चिम हुलाकी राजमार्गअन्तर्गत धनुषा र सिरहा जिल्ला जोड्ने कमला नदीको पुल निर्माण अन्तिम चरणमा पुगेको छ। निर्माणाधीन पुललाई आगामी मंसिर महिनादेखि सञ्चालनमा ल्याउने गरी काम तीव्र पारिएको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामले जनाएको छ।

कार्यालय प्रमुख कृष्णकुमार महतोका अनुसार पुलको १० नम्बर पिलर उठाउने काम सम्पन्न भइसकेको छ भने सुपर ढलान भइरहेको छ। पुलको फाउण्डेसनसहित तीनवटा पिलरको सबलीकरण तथा ढलानसमेत अन्तिम चरणमा पुगेको उनले जानकारी दिए। विसं २०७८ असारमा उद्घाटनको तयारी भइरहेका बेला आएको बाढीले पुलको पिलर भाँचिएपछि पुल जीर्ण अवस्थामा पुगेको थियो। पुल पुनःनिर्माणमा ढिलाइ हुँदा स्थानीयवासीले लामो समयदेखि खोला तर्न डुङ्गाको सहारा लिनुपरेको थियो।

पुल निर्माणमा देखिएका मुख्य समस्या पहिचान गरी आवश्यक सहजीकरण गरेपछि कामले तीव्रता पाएको प्रमुख महतोले बताए। पुलका दुवैतर्फ पुलसम्म पुग्ने सडकमा माटो भर्ने काम सम्पन्न भएपछि मंसिरदेखि पुल सञ्चालनमा ल्याउने तयारी भइरहेको उनको भनाइ छ। कमला पुल निर्माणको ठेक्का विसं २०६८ मा पप्पु–लुम्बिनी जेभीले पाएको थियो। सोही निर्माण कम्पनीले अहिले पुलको पुनःनिर्माणको काम गरिरहेको छ। यसैबिच हुलाकी सडकअन्तर्गत सिरहादेखि सलार्हीसम्मको ४०६ दशमलव ४३ किलोमिटर सडकखण्डमध्ये हालसम्म ३४७ दशमलव ६३ किलोमिटर सडकमा कालोपत्र सम्पन्न भएको छ। उक्त सडकखण्डमा पर्ने २४ वटा पुलको निर्माणसमेत सम्पन्न भइसकेको छ।

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामका सूचना अधिकारी रञ्जितकुमार रायका अनुसार सिरहामा कूल ५७ दशमलव ५२ किलोमिटर सडकखण्डमध्ये २९ दशमलव ९८ किलोमिटर सडक निर्माण सम्पन्न भएको छ भने २७ दशमलव ४६ किलोमिटर सडक निर्माणाधीन छ। त्यस्तै धनुषामा कूल ८९ दशमलव ५२ किलोमिटरमध्ये ७४ दशमलव

–बाँकी तीन पेजमा

## सर्लाहीमा रिभल्भर सिक्सर पेस्तोलसहित एक युवक पक्राउ

जनकपुरधाम, २० असोज। सर्लाहीमा सिक्सर पेस्तोल सहित एक युवक पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार सोमबार राति सर्लाही कबिलासी नगरपालिका–३ मदनपुरबाट ३३ वर्षिय तुलसी ठाकुर सिक्सर पेस्तोल सहित पक्राउ परेका हुन्। प्रहरीका अनुसार अभियुक्त पक्राउ परेको स्थानमा मोटरसाईकल आफै अनियन्त्रित भई दुर्घटना भई हतियार सहित मानिस लडेको खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट हेम्पुर पचगछिया र ईलाका प्रहरी कार्यालय हरिपुरबाट खटिएको टोलीले उनलाई नियन्त्रणमा लिएको हो।

प्रहरी प्रवक्ता एवं डिएसपी बेद प्रसाद गौतमले भारतीय नम्बर प्लेट बिआर ३० वाई २८५३ नम्बरको मोटरसाईकलमा जनकपुर देखी मदनपुर घर आउदै गर्दा दुर्घटना भई चालकलाई चेकजाँच गर्दा दाहिने गाला, बायाँ हातमा सामान्य चोट देखिएको र कम्मरबाट रिभल्भर ( सिक्सर पेस्तोल) १ थान बरामद भएको बताए। प्रवक्ता गौतमका अनुसार निज चालकलाई

–बाँकी तीन पेजमा

## स्वास्थ्य मूल्यांकनमा गोलबजार लगातार पाँचौँ पटक प्रथम




सिरहा, २० असोज। आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन गरिएका स्वास्थ्य कार्यक्रमको जिल्ला स्तरीय वार्षिक समीक्षा तथा मूल्यांकनमा गोलबजार नगरपालिका सिरहाका स्थानीय तहमध्ये प्रथम भएको छ। जिल्ला स्तरीय वार्षिक समीक्षा कार्यक्रममा उत्कृष्ट कार्यसम्पादन गरेको भन्दै गोलबजार नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख सरोजकुमार कर्ण पनि सम्मानित भएका छन्।

स्वास्थ्य कार्यक्रमको प्रभावकारी कार्यान्वयन, सेवा प्रवाह तथा समग्र स्वास्थ्य क्षेत्रको कार्यसम्पादनका आधारमा गरिएको मूल्यांकनमा गोलबजार नगरपालिका प्रथम भएको

–बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

विपद्को समयमा एक–आपसमा मनोबल बढाऔं, मानसिक स्वास्थ्य जोगाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## संस्कृति जोगाउने उत्सव

दशैं–तिहार नेपाली समाजका प्रमुख सांस्कृतिक पर्व हुन्। यी पर्वले धार्मिक आस्था र पारिवारिक भेटघाटसँगै विभिन्न समुदायका मौलिक संस्कृति, परम्परा र पहिचानलाई सार्वजनिक जीवनमा प्रस्तुत गर्ने अवसर पनि दिन्छन्। यही सन्दर्भमा सिराहाको लहानमा आयोजना हुन लागेको 'थारु सांस्कृतिक दशैं–तिहार उत्सव मेला–२०८३'लाई केवल मनोरञ्जनात्मक कार्यक्रमका रूपमा होइन, स्थानीय संस्कृति संरक्षण र पुस्तान्तरणको अभियानका रूपमा बुझ्न आवश्यक छ।

गारु कल्याणकारी सभा, जिल्ला समितिको आयोजनामा असोज २५ देखि कात्तिक ८ गतेसम्म पशुपति माध्यमिक विद्यालयको प्राङ्गणमा हुने मेलाले थारु समुदायको लोकसंस्कृति, भाषा, भेषभूषा, परम्परागत खानपान र कलालाई सार्वजनिक रूपमा प्रस्तुत गर्ने अवसर प्रदान गर्नेछ। विशेषगरी धुमरा, सामा–चकेवा, सखियाजस्ता मौलिक तथा लोपोन्मुख लोकनृत्यको प्रदर्शनले नयाँ पुस्तालाई आफ्नै सांस्कृतिक जरा चिन्न सहयोग गर्न सक्छ।

आधुनिक सञ्चार प्रविधि, सामाजिक सञ्जाल र बदलिँदो जीवनशैलीका कारण नयाँ पुस्ताको सांस्कृतिक अभ्याससँगको सम्बन्ध कमजोर हुँदै गएको देखिन्छ। भाषा, पोसाक, लोकगीत, नृत्य, खानपान र परम्परागत ज्ञान पुस्तान्तरण हुन नसकेमा केही दशकपछि ती केवल पुस्तक वा संग्रहालयमा सीमित हुन सक्छन्। त्यसैले संस्कृति संरक्षणको सबैभन्दा प्रभावकारी उपाय त्यसलाई व्यवहारमा जीवित राख्नु हो। मेला, महोत्सव र सांस्कृतिक कार्यक्रमले यसका लागि सार्वजनिक मञ्च उपलब्ध गराउन सक्छन्।

तर सांस्कृतिक मेला आयोजना गर्नु मात्र पर्याप्त हुँदैन। कार्यक्रम सकिएपछि संस्कृति संरक्षणको अभियान पनि समाप्त हुने अवस्था आउनु हुँदैन। विद्यालय तहदेखि नै स्थानीय भाषा, लोककला, परम्परागत संगीत र संस्कृतिबारे अध्ययन तथा अभ्यासको वातावरण बनाउन आवश्यक छ। स्थानीय सरकार, विद्यालय, सांस्कृतिक संस्था र समुदायबीच सहकार्य हुन सके यस्ता कार्यक्रमको प्रभाव वर्षमा एकपटक हुने उत्सवभन्दा धेरै फराकिलो बनाउन सकिन्छ।

मेलामा प्रस्तुत हुने थारु परिकार पनि सांस्कृतिक पहिचानको महत्वपूर्ण हिस्सा हो। बगिया, घोंघी, सितुवा, कोकरा, तेलपुरी, भका, पेरवा, सि ालगायतका परिकार केवल खानाका वस्तु होइनन्न ती स्थानीय जीवनशैली, कृषि, प्राकृतिक स्रोत र पुस्तौंदेखिको पाककलासँग जोडिएका ज्ञानका रूप हुन्। यस्ता परिकारलाई व्यवस्थित रूपमा प्रवर्द्धन गर्न सकिए स्थानीय महिला, युवा तथा साना उद्यमीका लागि आयआर्जनको अवसर पनि सिर्जना हुन सक्छ।

मेलाको अर्को सकारात्मक पक्ष विभिन्न जातजातिका कला र संस्कृतिको सम्मान गर्दै सामाजिक सद्भाव अभिवृद्धि गर्ने उद्देश्य हो। सांस्कृतिक विविधता कुनै समुदायबीच दूरी सिर्जना गर्ने माध्यम होइन, एकअर्कालाई बुझ्ने आधार बन्नुपर्छ। थारु समुदायको संस्कृति सार्वजनिक रूपमा प्रस्तुत हुँदा अन्य समुदायले त्यसलाई बुझ्ने अवसर पाउँछन् भने थारु समुदायका नयाँ पुस्ताले आफ्नो पहिचानप्रति गौरव गर्ने वातावरण पाउन सक्छन्। यही अन्तरसम्बन्धले बहुसांस्कृतिक समाजलाई थप बलियो बनाउँछ।

यस्ता कार्यक्रमलाई स्थानीय अर्थतन्त्रसँग जोड्न पनि आवश्यक छ। मेलामा स्थानीय उत्पादन, हस्तकला, परम्परागत पोसाक, कृषि उपज र घरेलु उद्यमका सामग्री प्रदर्शन तथा बिक्रीको व्यवस्था गर्न सकिए सांस्कृतिक संरक्षणसँगै आर्थिक गतिविधि बढाउन सकिन्छ। यसबाट मेला आयोजकका लागि मात्र होइन, स्थानीय व्यवसायी र उत्पादनकर्ताका लागि पनि प्रत्यक्ष लाभ सिर्जना हुन सक्छ।

तर सांस्कृतिक कार्यक्रमको नाममा मौलिकतालाई केवल प्रदर्शनको वस्तु बनाउने जोखिमबाट पनि सचेत हुनुपर्छ। नृत्य, पोसाक र परिकारको प्रस्तुति आकर्षक हुनु आवश्यक भए पनि त्यसको ऐतिहासिक र सामाजिक सन्दर्भ जोगिनुपर्छ। स्थानीय समुदाय स्वयंको सहभागिता र नेतृत्वमा संस्कृति प्रस्तुत गरिनुपर्छ। मौलिकतालाई बजारको मागअनुसार अनावश्यक रूपमा परिवर्तन गर्ने प्रवृत्तिले संरक्षणभन्दा विकृति निम्त्याउन सक्छ।

लहानमा आयोजना हुन लागेको यो मेला त्यसैले उत्सवसँगै जिम्मेवारीको अवसर पनि हो। थारु संस्कृति जोगाउने काम थारु समुदायको मात्र दायित्व होइन। स्थानीय सरकार, विद्यालय, सञ्चारमाध्यम, नागरिक समाज र अन्य समुदायको पनि समान भूमिका हुन्छ। संस्कृतिको संरक्षण तब मात्र सार्थक हुन्छ, जब त्यो पुस्तादेखि पुस्तासम्म जीवित रहन्छ र समुदायको जीवनसँग जोडिएर अघि बढ्छ।

दशैं–तिहारको अवसरमा हुने यो उत्सवले मनोरञ्जनसँगै पहिचान, परम्परा र सहअस्तित्वको सन्देश दिन सकोस्। संस्कृति प्रदर्शन गर्ने कार्यक्रमलाई संस्कृति बचाउने दीर्घकालीन अभियानमा रूपान्तरण गर्न सके लहानको यो पहल स्थानीय मात्र नभई समग्र मधेशको सांस्कृतिक सम्पदा संरक्षणका लागि उदाहरण बन्न सक्छ।

# बीपी कोइरालाका नीतिको निरन्तरता र युवा सहभागिता

**सुशील भट्ट**

बीपी कोइराला नेपाली राजनीतिका यस्ता बिरल नेता हुन् जसले राणाशासनविरुद्धको संघर्ष, लोकतन्त्रको पुनःस्थापना, राष्ट्रिय मेलमिलाप र सामाजिक न्यायलाई एउटै राजनीतिक कडीमा जोडे। नेपाली कांग्रेसले आज आफ्नो ऐतिहासिक विश्वसनीयता पुनःस्थापित गर्न बीपीको लोकतान्त्रिक समाजवादलाई व्यवहारमा उतारेर युवालाई निर्णायक नेतृत्वमा ल्याउनुपर्छ।

बीपीका लागि लोकतन्त्र निर्वाचन जित्ने वा सत्ता प्राप्त गर्ने माध्यम थिएन। उनका लागि त लोकतन्त्र नागरिक स्वतन्त्रता, संविधानको शासन, संस्थागत शक्ति, बहुलवाद, विचारको स्वतन्त्रता र जनताको अधिकारको संरक्षण थियो। उनले लोकतन्त्रलाई संस्कृतिका रूपमा हेरे जहाँ सत्ताधारीले विपक्षीको सम्मान गर्ने, राज्यले नागरिकको अधिकार सुरक्षित गर्ने र नागरिकले संस्थाप्रति जिम्मेवारी बोक्ने अवस्था आवश्यक हुन्छ।

बीपीको समाजवाद राज्यद्वारा सबै कुरा नियन्त्रण गर्ने अर्थमा थिएन। उनको लोकतान्त्रिक समाजवादले राजनीतिक स्वतन्त्रतासँगै आर्थिक असमानता घटाउने, स्रोत–साधनको न्यायोचित वितरण गर्ने, श्रमिक र गरिबको हक बलियो बनाउने तथा शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको पहुँच विस्तार गर्ने कुरालाई जोड्थ्यो। यस दृष्टिले जनसहभागिता, स्रोतको न्यायोचित बाँडफाँड र सामाजिक कल्याणलाई महत्त्व दिन्छ।

उनको राजनीतिः तेस्रो आधार राष्ट्रियता थियो। बीपीका लागि राष्ट्रियता भनेको साँघुरो जातीयता वा सत्तावादी नारा नभएर नेपालको स्वतन्त्रता, भूमि र जनताको सामूहिक स्वाभिमानको रक्षा हो। राष्ट्रिय हितलाई दलगत स्वार्थभन्दा माथि राख्ने, बाहृय सम्बन्धमा सन्तुलन र स्वाभिमान कायम गर्ने र आन्तरिक द्वन्द्वलाई संवादबाट समाधान गर्ने उनको सोच आज पनि सान्दर्भिक छ। राष्ट्रिय मेलमिलापको उनको अवधारणा प्रतिशोधभन्दा संवाद, सहमति र देशको दीर्घकालीन हितमा आधारित थियो।

**कांग्रेसको ऐतिहासिक विरासत**

नेपाली कांग्रेस नेपालको सबैभन्दा पुरानो लोकतान्त्रिक राजनीतिक शक्ति हो। यसले राणाशासनको अन्त्य, प्रजातन्त्रको पुनःस्थापना, २०४६ सालको जनआन्दोलन र लोकतान्त्रिक संरचनाको विस्तारमा महत्वपूर्ण भूमिका खेलेको छ। तर इतिहास मात्रले पार्टीलाई भविष्यमा उभ्याएर राख्दैन। इतिहासलाई वर्तमानका चुनौतीसँग जोडेर नवीकरण गर्नुपर्छ।

बीपीको विचार कांग्रेसको वैचारिक केन्द्र बनेको भनिए पनि त्यसको व्याख्या र प्रयोगमा भने भिन्नता देखिन्छ। कांग्रेसभित्र बीपीको परम्परागत लोकतान्त्रिक समाजवाद कायम राख्ने कि बदलिँदो आर्थिक र सामाजिक परिस्थितिअनुसार यसलाई सामाजिक लोकतन्त्रका रूपमा परिभाषित गर्ने भन्ने बहस चर्किएको छ। यो बहस स्वाभाविक हो तर यसलाई व्यक्तिगत शक्तिसंघर्षका रूपमा नभई नेपालको भविष्यका लागि नीतिगत बहसका रूपमा अघि बढाउनुपर्छ।

**नीतिगत निरन्तरताको अर्थ**

बीपीको विचारको निरन्तरता भन्नाले पुराना भाषण दोहोर्‍याउनु होइन। यसको अर्थ हो– उनका मूल्य र सिद्धान्तलाई आजका वास्तविक समस्यामा अनुवाद गर्नु। लोकतन्त्र, समाजवाद र राष्ट्रियता आज पनि उपयोगी छन्, तर तिनको अभिव्यक्ति बदलिएको छ। बेरोजगारी, विदेश पलायन, महँगी, भ्रष्टाचार, डिजिटल असमानता, जलवायु संकट र शासनप्रतिको अविश्वास युवा पुस्ताका मुख्य चिन्ता बनेका छन्।

कांग्रेसको नीतिगत निरन्तरता निम्न क्षेत्रमा स्पष्ट हुनुपर्छ –

**रोजगारी र अर्थतन्त्र** : उत्पादन, कृषि आधुनिकीकरण, साना तथा मझौला उद्यम, पर्यटन, ऊर्जा, सूचना प्रविधि र उद्यमशीलतालाई प्राथमिकता दिने। विदेश पलायनलाई रोक्न आवेदन माग्नेमात्र होइन घरैमा रोजगारीको वातावरण बनाउने।

**शिक्षा र सीप** : विद्यालय शिक्षाको गुणस्तर सुधार, व्यावसायिक तालिम, अनुसन्धान र डिजिटल सीपलाई रोजगारीसँग जोड्ने।

**स्वास्थ्य र सामाजिक सुरक्षा** : गुणस्तरीय सार्वजनिक स्वास्थ्य सेवा, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, गरिब तथा विपन्न परिवारको सुरक्षा सञ्जाल विस्तार गर्ने।

**सुशासन र भ्रष्टाचार नियन्त्रण** : सार्वजनिक सेवालाई पारदर्शी, समयबद्ध र जवाफदेही बनाउने, भ्रष्टाचारविरुद्धको संस्थागत क्षमता बलियो बनाउने।

**समावेशिता :** महिला, दलित, जनजाति, मधेसी, थारू, मुस्लिम, अपाङ्कता भएका व्यक्ति र पिछडिएका क्षेत्रका नागरिकको सार्थक प्रतिनिधित्व सुनिश्चित गर्ने।

**संघीयता र स्थानीय सबलीकरण :** स्थानीय तहलाई क्षमता, स्रोत र जवाफदेहीका साथ बलियो बनाउने।

**जलवायु र दिगो विकास** : विपद् जोखिम न्यूनीकरण, वातावरणीय संरक्षण र हरित अर्थतन्त्रलाई विकासको मुख्य आधार बनाउने।

बीपीको समाजवाद आजको भाषामा भन्दा यस्तो हुनुपर्छ – बजारलाई उत्प्रेरणा दिने, तर राज्यले शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र न्यायपूर्ण अवसरको ग्यारेन्टी गर्ने। यसरी नै लोकतान्त्रिक समाजवादलाई वर्तमान अर्थतन्त्रसँग मिलाउन सकिन्छ।

**आज कांग्रेस किन चुनौतीमा छ ?**

कांग्रेसको सबैभन्दा ठूलो चुनौती विचारको कमी नभएर विचार र व्यवहारबीचको दूरी हो। जनताले पार्टीबाट नारा होइन, परिणाम खोज्छन रोजगारी, सस्तो र गुणस्तरीय सेवा, इमानदार नेतृत्व, सुरक्षा र भविष्यको भरोसा। जब नागरिकले राजनीतिक दलभित्र एकता, आन्तरिक लोकतन्त्र र सेवाभाव देख्दैनन् तब उनीहरूको विश्वास घट्छ।

हालका सार्वजनिक बहसहरूले कांग्रेसभित्र एकता, आन्तरिक लोकतन्त्र र पुस्तान्तरणको आवश्यकता स्पष्ट रूपमा उठाएका छन्। आन्तरिक लोकतन्त्र पनि यसको अर्को महत्त्वपूर्ण पक्ष हो। पार्टी सदस्यले सदस्यता लिने स्पष्ट प्रक्रिया, महाधिवेशनमा सहभागिता, निर्णयको जानकारी, न्यायोचित उम्मेदवारीको अवसर र गुनासो सुनुवाइको भरपर्दो माध्यम पाउनुपर्छ।

**युवाको सहभागिता – नारा होइन, अधिकार**

युवा कांग्रेसको सबैभन्दा ठूलो सम्भावित शक्ति हो। तर युवालाई सभा भर्ने, झन्डा बोक्ने, सामाजिक संजाल चलाउने वा चुनावी प्रचारमा खटाउने शक्तिका रूपमा हेर्नु पर्याप्त छैन। उनीहरूलाई नीति निर्माण, उम्मेदवार छनोट, संगठन सञ्चालन र नेतृत्वको तहमा वास्तविक अधिकार दिनुपर्छ। युवा पुस्ताले सम्मान, अवसर, पारदर्शिता, जवाफदेही र निर्णय प्रक्रियामा सार्थक सहभागिता खोज्छन्।

नेपाली कांग्रेसले हाल युवा प्रतिनिधित्वलाई संस्थागत गर्ने प्रयास गरेको छ। पार्टीको विधान संशोधनपछि वडादेखि केन्द्रीय कार्यसमितिसम्म ३५ वर्षमुनिका युवाका लागि आरक्षित स्थानको व्यवस्था भएको छ। केन्द्रीय कार्यसमितिमा २१ स्थान युवाका लागि आरक्षित छन्।

कम्तीमा १३ हजार ४८३ जना ३५ वर्षमुनिका व्यक्तिलाई वडादेखि केन्द्रसम्मका समितिमा स्थान सुनिश्चित गरिएको छ। यो महत्त्वपूर्ण सुरुवात हो तर यसलाई संख्यात्मक कोटामा सीमित राख्नु हुँदैन। कांग्रेसले युवाको सहभागिता वास्तविक बनाउन युवालाई वडा, पालिका, जिल्ला, प्रदेश र केन्द्रमा सदस्यमात्र होइन निर्णायक पदमा पनि राख्ने।

उम्मेदवार छनोटमा योग्यता, सार्वजनिक छवि, स्थानीय काम र जनसम्पर्कलाई आधार बनाउने।

आन्तरिक निर्वाचनलाई प्रतिस्पर्धी, पारदर्शी र नियमित बनाउने।

युवा नीति मञ्च, अनुसन्धान समूह, नीति विश्लेषण कक्षा र स्थानीय समस्या समाधान कार्यक्रम सञ्चालन गर्ने।

विदेशमा रहेका युवा, फर्किएका विद्यार्थी, उद्यमी र प्राविधिक विज्ञहरूको ज्ञान तथा पुँजीलाई पार्टीको नीतिसँग जोड्ने।

पार्टीका बजेट, निर्णय, कार्यक्रम र प्रगति विवरणलाई डिजिटल माध्यमबाट अधिक खुला बनाउने।

युवा नेतृत्वलाई तालिम, मार्गदर्शन र जिम्मेवारी दिएर तयार गर्ने।

कांग्रेसका युवा प्रतिनिधिहरूले पनि महाधिवेशनले पार्टीका विचार, संगठन र कार्यक्रमका स्पष्ट नीति तय गर्नुपर्ने माग राखेका छन्। यसको अर्थ युवाले पदमात्र खोजेका नभएर आफ्नो चिन्ता र सोचलाई पार्टीको नीतिमा समेटिने अपेक्षा गरेका हुन्।

**पुस्तान्तरण र अनुभवको सन्तुलन**

युवाको नेतृत्व भनेको उमेर परिवर्तनमात्र होइन। यो राजनीतिक संस्कार, कार्यशैली, पारदर्शिता र उत्तरदायित्वको परिवर्तन पनि हो। त्यसैले अनुभव भएका अग्रज पुस्ता र ऊर्जा, नयाँ दृष्टि तथा प्राविधिक दक्षता भएको युवा पुस्ताबीच प्रतिस्पर्धाभन्दा सहकार्य आवश्यक छ।

अग्रज पुस्ताको भूमिका अनुभव, संस्थागत स्मृति, राजनीतिक शालीनता र संकटकालीन मार्गदर्शन दिनु हुन सक्छ। युवा पुस्ताको भूमिका भने नयाँ प्रश्न उठाउने, नयाँ प्रविधि प्रयोग गर्ने, जनतासँग सीधा संवाद गर्ने र परिणाममुखी राजनीति अघि बढाउने हुनुपर्छ। "आजका युवा भोलिका नेता" भन्ने पुरानो ढाँचालाई फेरेर उनीहरूलाई आजकै नेतृत्व निर्माणको प्रक्रियामा समावेश गर्नुपर्छ।

**बीपीको मार्गमा अघि बढ्ने उपाय**

नेपाली कांग्रेसले बीपीको विरासतलाई सम्मान गर्न निम्न कार्यलाई प्राथमिकता दिन सक्छ :

**वैचारिक स्पष्टता** – लोकतान्त्रिक समाजवादलाई आजको अर्थतन्त्र, रोजगारी, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षासँग जोडेर पुनःपरिभाषित गर्ने।

**संगठनात्मक सुधार** – आन्तरिक निर्वाचन, सदस्यता व्यवस्थापन, कार्यकर्ता सम्मान र पारदर्शी निर्णय प्रक्रिया सुदृढ गर्ने।

**युवा नेतृत्व विकास** – युवालाई कोटामा मात्र सीमित नराखी नीति, संगठन र चुनावी नेतृत्वमा जिम्मेवारी दिने।

**जनसेवामा केन्द्रित राजनीति** – हरेक स्थानीय एकाइले एउटा पहिचानयोग्य जनसेवा वा विकास कार्यक्रम चलाउने।

**राष्ट्रिय सहमति** – राष्ट्रिय हित, संविधानको संरक्षण, सामाजिक सद्भाव र लोकतान्त्रिक संस्थाको रक्षामा सबै पक्षसँग संवाद गर्ने।

**परिणाममुखी नेतृत्व** – नेताहरूले आफ्नो क्षेत्र, जिम्मेवारी र प्रतिबद्धताको सार्वजनिक मूल्यांकन स्वीकार गर्ने।

**निष्कर्ष**

बीपी कोइरालाको विचारले नेपाली कांग्रेसलाई तीन स्पष्ट दिशानिर्देश दिन्छ — लोकतन्त्रलाई संस्थागत बनाउने, समाजवादलाई जनजीविका र सामाजिक न्यायसँग जोड्ने र राष्ट्रियतालाई समावेशी स्वाभिमानका रूपमा व्यवहारमा उतार्ने। आजको कांग्रेसको काम यी मूल्यलाई नयाँ पुस्ताको भाषा, नयाँ प्रविधि र नयाँ आर्थिक वास्तविकतामा अनुवाद गर्नु हो।

युवालाई निर्णयको टेबलमा राखेर,

**–बाँकी तीन पेजमा**

### बीपी कोइरालाका ...

आन्तरिक लोकतन्त्र बलियो बनाएर र जनसेवालाई राजनीतिको केन्द्रमा राखेरमात्र कांग्रेसले बीपीको विरासतलाई साँचो अर्थमा निरन्तरता दिन सक्छ। बीपीको सम्मान भाषण वा स्मृति सभामा मात्र होइन उनको विचारलाई आजका समस्याको समाधानमा लागु गर्दामात्र हुन्छ। बाह्रखरीबाट

### कमला नदीको...

५८ किलोमिटर सडक निर्माण सम्पन्न भएको र १४ दशमलव ९४ किलोमिटर निर्माणाधीन रहेको छ। महोत्तरीमा कुल ९३ दशमलव ५ किलोमिटरमध्ये ९१ दशमलव ५६ किलोमिटर सडक निर्माण सम्पन्न भइसकेको छ भने एक दशमलव ९४ किलोमिटर बाँकी छ।

सर्लाहीमा कूल १६६ दशमलव २ किलोमिटर सडकखण्डमध्ये १५१ दशमलव ५१ किलोमिटर सडक निर्माण सम्पन्न भएको र १४ दशमलव ५१ किलोमिटर सडक निर्माणाधीन रहेको सूचना अधिकारी रायले जानकारी दिए। आर्थिक वर्ष २०८२/८३ भित्रै हुलाकी सडक निर्माण सम्पन्न गर्ने लक्ष्य रहे पनि राजमार्गभित्र परेका घरटहरा हटाउन ढिलाइ, विभिन्न स्थानमा जग्गासम्बन्धी विवादलगायत कारणले केही काम प्रभावित भएको कार्यालय प्रमुख महतोले बताए। बाँकी काम समयमै सम्पन्न गर्न निरन्तर प्रयास भइरहेको उनको भनाइ छ।

नेपालकै पुराना राजमार्गमध्ये एक मानिने पूर्व-पश्चिम हुलाकी सडक अन्तर्गत मधेस प्रदेशका आठवटै जिल्लामा सडक तथा पुल निर्माण तीव्र रूपमा अघि बढेपछि विगतमा दुर्गम मानिएका ग्रामीण क्षेत्र अहिले क्रमशः सहज सडक सञ्जालसँग जोडिँदै गएका छन्। हुलाकी सडक निर्माणले स्थानीय बासिन्दाको आवागमन सहज हुनुका साथै मधेस प्रदेशको आर्थिक गतिविधि र विकासले गति लिने तथा हजारौँ युवाका लागि रोजगारीका अवसर सिर्जना हुने अपेक्षा गरिएको छ।

### सर्लाहीमा रिभल्भर ...

नियन्त्रणमा लिई सामान्य उपचार पश्चात ईलाका प्रहरी कार्यालय हरिपुरबाट हातहतियार सम्बन्धी कसूरमा थप अनुसन्धान अगाडि बढाएको बताए।

### स्वास्थ्य मूल्यांकनमा ...

नगरपालिकाले जनाएको छ। नगरपालिकाका अनुसार जिल्ला स्तरीय स्वास्थ्य कार्यक्रमको मूल्यांकनमा गोलबजार लगातार पाँचौं पटक प्रथम हुन सफल भएको हो। निरन्तर उत्कृष्ट नतिजाले नगरपालिकाले स्वास्थ्य क्षेत्रमा सञ्चालन गरेका कार्यक्रम तथा सेवा प्रवाह प्रभावकारी रहेको देखाएको नगरपालिकाको दाबी छ।

# चिन्ता कुन बेला मानसिक स्वास्थ्य समस्याको संकेत बन्न पुग्छ ?



कहिलेकाहीँ मन अशान्त हुनु, कुनै घटनाले तनावमा पार्नु वा भविष्यलाई लिएर चिन्ता लाग्नु सामान्य हो। तर यही अवस्था लामो समयसम्म रहिरह्यो, दैनिक जीवन प्रभावित हुन थाल्यो र आफूलाई पहिले रमाइलो लाग्ने कामबाट समेत मन हट्न थाल्यो भने त्यसलाई सामान्य तनाव भनेर बेवास्ता गर्नु उचित हुँदैन।

'आजकल मनै लाग्दैन', 'कुनै काम गर्न मन छैन', 'सधैँ केही न केही कुराले तनाव हुन्छ', 'मानिसहरूसँग भेट्न मन लाग्दैन' जस्ता अनुभव लगातार दोहोरिन थाले मानसिक स्वास्थ्यमा समस्या भएको संकेत हुन सक्छ।

मनोवैज्ञानिक डा. कोमलप्रीत कौरका अनुसार मानसिक स्वास्थ्यमा आएको परिवर्तनलाई समयमै पहिचान गर्नु आवश्यक हुन्छ। विशेषगरी दुई साताभन्दा बढी समयसम्म निरन्तर उदासी, चिन्ता, निद्रामा परिवर्तन, खानपानमा असामान्यता वा सामाजिक गतिविधिबाट टाढिँदै जाने अवस्था देखिए मानसिक स्वास्थ्य विशेषज्ञसँग परामर्श लिनुपर्ने हुन सक्छ।

**कुन अवस्थामा मानसिक स्वास्थ्य विशेषज्ञको आवश्यकता पर्छ ?**

मानसिक स्वास्थ्यमा समस्या हुँदा सबै व्यक्तिमा एउटै लक्षण देखिन्छ भन्ने हुँदैन। तर केही परिवर्तनलाई भने चेतावनीका रूपमा लिन सकिन्छ। लामो समयसम्म अत्यधिक चिन्ता भइरहनु, आवश्यकता भन्दा धेरै वा कम सुत्नु, खानामा रुचि अत्यधिक बढ्नु वा घट्नु, लगातार तनावमा रहनु र आफूलाई अरू मानिसबाट अलग राख्न थाल्नु त्यस्ता संकेत हुन्।

यससँगै पहिले खुसी दिने गतिविधिमा समेत रुचि हराउँदै जानु अर्को महत्वपूर्ण संकेत हो। यस्तो परिवर्तनले व्यक्तिको काम, पढाइ, पारिवारिक सम्बन्ध र सामाजिक जीवन प्रभावित गर्न थाले मानसिक स्वास्थ्य विशेषज्ञको सहयोग लिनुपर्ने अवस्था हुन सक्छ।

**मनोवैज्ञानिक र मनोचिकित्सकमा के फरक ?**

मानसिक स्वास्थ्यको उपचारमा मनोवैज्ञानिक र मनोचिकित्सक दुवैको भूमिका हुन्छ, तर उनीहरूको काम फरक हुन्छ। मनोवैज्ञानिकले व्यक्तिको सोच, भावना र व्यवहार बुझ्न तथा भावनात्मक समस्यासँग जुध्न सहयोग गर्छन्। उनीहरूले परामर्श र मनोचिकित्सकीय विधिमार्फत समस्या समाधान गर्न सहयोग गर्छन्।

मनोचिकित्सक भने चिकित्सक हुन्। आवश्यक परेको अवस्थामा उनीहरूले औषधिसहित उपचार गर्न सक्छन्। कतिपय अवस्थामा मनोवैज्ञानिक र मनोचिकित्सकले मिलेर पनि बिरामीको उपचार गर्ने गर्छन्।

**तनाव, डिप्रेसन र एन्जाइटी एउटै होइनन्**

तनाव प्रायः कुनै विशेष परिस्थिति वा घटनासँग जोडिएको हुन्छ। परिस्थितिमा सुधार आएपछि तनाव पनि कम हुन सक्छ। तर डिप्रेसन वा एन्जाइटीले व्यक्तिको सोच, भावना र दैनिक जीवनमा लामो समयसम्म असर पार्न सक्छ। भविष्यलाई लिएर अत्यधिक वा नियन्त्रण गर्न नसकिने चिन्ता भइरहनु र त्यसले दैनिक जीवनमा असर पार्न थाल्नु एङ्जाइटीको महत्वपूर्ण संकेत हुन सक्छ। त्यसैले 'सबैलाई तनाव हुन्छ' भन्दै मानसिक स्वास्थ्यमा देखिएका गम्भीर परिवर्तनलाई बेवास्ता गर्नु उचित हुँदैन।

**मानसिक स्वास्थ्यमा परिवार र वातावरणको पनि भूमिका**

मानसिक स्वास्थ्यमा व्यक्तिको आनुवंशिक पृष्ठभूमिसँगै उसको वरपरको वातावरणले पनि प्रभाव पार्न सक्छ। परिवारमा मानसिक स्वास्थ्यसम्बन्धी समस्या रहेको अवस्थामा जोखिम बढ्न सक्ने भए पनि त्यस्तो समस्या अनिवार्य रूपमा सर्छ भन्ने हुँदैन। परिवारमा निरन्तर तनावपूर्ण वातावरण भए त्यसले व्यक्तिको सोचमा समेत नकारात्मक प्रभाव पार्न सक्छ। भविष्यप्रति निराशा बढ्दै जानु र कुनै आशा नदेखिनुजस्ता परिवर्तनलाई समयमै पहिचान गर्नु आवश्यक हुन्छ।

**सामाजिक सञ्जालले पनि मन प्रभावित हुनसक्ने**

आजको समयमा सामाजिक सञ्जाल पनि मानसिक स्वास्थ्यसँग जोडिएको महत्वपूर्ण पक्ष बनेको छ। लगातार स–साना रिल्स छोटा भिडियो तथा विभिन्न प्रकारका सामग्री हेरिरहँदा एकपछि अर्को फरक भावनात्मक अनुभव हुन्छ। यसले भावनालाई स्थिर रूपमा बुझ्न र व्यवस्थापन गर्न कठिन बनाउन सक्ने मनोवैज्ञानिक डा. कौरको भनाइ छ।

एकैपटक धेरै सामग्री र सूचनामा ध्यान जाँदा दिमागमा धेरै कुरा एकसाथ चलिरहने अवस्था बन्न सक्छ। यसले निर्णय गर्न कठिन हुने र 'ब्रेन फग' जस्तो अनुभव हुन सक्ने बताइएको छ। त्यसैले, सामाजिक सञ्जाल प्रयोग गर्दा समय र सीमाबारे सचेत हुनु मानसिक स्वास्थ्यका लागि उपयोगी हुन सक्छ।

**मानसिक स्वास्थ्य जोगाउन दैनिक जीवनमा के गर्ने ?**

मानसिक स्वास्थ्यका लागि ठूलो परिवर्तनभन्दा दैनिक जीवनका सामान्य बानी महत्वपूर्ण हुन सक्छन्। दैनिक कम्तीमा आधा घण्टा आफूलाई दिनु, नियमित हिँडडुल वा व्यायाम गर्नु, सन्तुलित खाना खानु, जंक फुड कम गर्नु तथा ध्यान र गहिरो श्वासप्रश्वासको अभ्यास गर्नु उपयोगी मानिन्छ।

त्यस्तै, काम र व्यक्तिगत जीवनबीच स्पष्ट सीमा बनाउनु पनि आवश्यक हुन्छ। कार्यालयको तनाव घरसम्म र घरको समस्या कार्यस्थलसम्म लगातार बोकेर हिँड्दा मानसिक दबाब बढ्न सक्छ। त्यसैले काम र व्यक्तिगत जीवनबीच सन्तुलन कायम गर्न सिक्नुपर्ने डा. कौरको सुझाव छ।

**महिलामा मानसिक स्वास्थ्यको चुनौती**

महिलाले एकैपटक घर, बालबालिका, करियर र आर्थिक जिम्मेवारी सम्हाल्नुपर्ने अवस्था हुँदा मानसिक दबाब बढ्न सक्छ। काममा रहेका महिलाले समेत कार्यस्थलमा हुँदा घरको जिम्मेवारीबारे सोचिरहनुपर्ने र घरमा हुँदा कामको तनाव बोकिरहनुपर्ने अवस्था आउन सक्छ। अर्कोतर्फ, लामो समय घरपरिवार र बालबालिकाको हेरचाहमा बिताएका महिलाका सन्तान आफ्नो जीवनमा व्यस्त भएपछि एक्लोपन महसुस हुन सक्छ। आफू अब आवश्यक नरहेको जस्तो नकारात्मक भावना विकास हुँदा मानसिक स्वास्थ्यमा असर पर्न सक्ने बताइएको छ।

यस्तो अवस्थामा परिवारको साथ, सामाजिक सम्बन्ध र आवश्यक परे परामर्श महत्वपूर्ण हुन्छ।

**बालबालिकाको मानसिक स्वास्थ्यमा अभिभावकको भूमिका**

बालबालिकाको मानसिक स्वास्थ्य निर्माणमा अभिभावकको व्यवहारको ठूलो भूमिका हुन्छ। अभिभावकले बालबालिकालाई अरूसँग तुलना गर्नुको सट्टा उनीहरूले गरेको प्रयासको प्रशंसा गर्नुपर्छ। 'तिमी अल्छी छौ', 'तिमी फेल हुन्छौ' वा 'तिमी खराब छौ' जस्ता नकारात्मक शब्दले बालबालिकाको आत्मविश्वासमा असर पार्न सक्छ।

गल्ती हुँदा बच्चालाई नै खराब भन्नुभन्दा उसको व्यवहार वा काम गलत भएको कुरा बुझाउनु आवश्यक हुन्छ। व्यक्ति र उसको व्यवहारबीच फरक छुट्याएर कुरा गर्नु बालबालिकाको भावनात्मक विकासका लागि महत्वपूर्ण हुन्छ।

अभिभावकले बालबालिकासँग गुणस्तरीय समय बिताउने, उनीहरूसँग खेल्ने, कुराकानी गर्ने र उनीहरूको कुरा बीचमै नरोकी सुन्ने वातावरण बनाउनुपर्छ। विशेषगरी बच्चाले आफ्नो समस्या वा गल्ती सुनाउँदा तुरुन्तै गाली गर्ने वा सजाय दिने हो भने उसले भविष्यमा आफ्ना कुरा अभिभावकसँग भन्न डराउन सक्छ। त्यसैले बच्चाले आफ्ना भावना र समस्या खुलेर व्यक्त गर्न सक्ने सुरक्षित पारिवारिक वातावरण आवश्यक हुन्छ।

**उपचार सम्भव छ**

मानसिक स्वास्थ्यसम्बन्धी समस्या देखिँदैमा व्यक्ति जीवनभर त्यही अवस्थामै रहन्छ भन्ने होइन। आवश्यकताअनुसार विभिन्न प्रकारका मनोचिकित्सकीय विधि र उपचारबाट सहयोग लिन सकिन्छ।

स्रोतमा संज्ञानात्मक व्यवहार थेरापी, द्वन्द्वात्मक व्यवहार थेरापी, हिप्नोथेरापी, न्युरो-लिङ्ग्विस्टिक प्रोग्रामिङ तथा गेस्टाल्ट थेरापीजस्ता विधिको उल्लेख गरिएको छ। सबैभन्दा महत्वपूर्ण कुरा भनेको समस्या लुकाएर बस्नु होइन, समयमै पहिचान गर्नु हो। मानसिक स्वास्थ्यमा आएको परिवर्तनले दैनिक जीवन, काम, सम्बन्ध वा आफ्नो हेरचाहमा असर पार्न थालेको छ भने 'आफैँ ठीक हुन्छ' भनेर लामो समय पर्खिनुभन्दा मानसिक स्वास्थ्य विशेषज्ञसँग परामर्श लिनु उचित हुन्छ।

मन खराब हुनु कमजोरी होइन। मानसिक स्वास्थ्य पनि शारीरिक स्वास्थ्यजत्तिकै महत्वपूर्ण भएकाले समस्या देखिँदा सहयोग माग्नु उपचारतर्फको पहिलो कदम हुन सक्छ।

# नगरक्षेत्रका बस्तीमा पसे काला बाँदर

राजविराज, २० असोज। राजविराज नगरक्षेत्रमा पछिल्लो समय बाँदर देखिन थालेपछि बालबालिका त्रसित बनेका छन्। एक/दुई वटा तथा चार वटासम्मको समूहमा देखिने बाँदर घरका छत, पानी ट्याङ्की, पसल, मन्दिर तथा सडकआसपास पुग्ने गरेका छन्। राजविराज-२ का चन्दन यादवका अनुसार पछिल्लो हप्ता वडा नं. २, ९ लगायत नगरका विभिन्न स्थानमा कालो अनुहार भएका ठुला बाँदर देखिएका छन्। सडकमा बाँदर देखिएपछि बालबालिका डराउने र बाटो काट्नसमेत हिचकिचाउने गरेको उहाँले बताउनुभयो।

राजविराजका अधिवक्ता हेमनारायण चौधरीको घरको छतमा केही दिनअघि ठुलो बाँदर आएर बसेको थियो। उहाँले बाँदरलाई धपाउन खोज्दा माथिल्लो तलाको पानी ट्याङ्कीमा गएर बसेको र पटक पटक धपाउँदा पनि नभागेको बताउनुभयो। केही समयपछि भने बाँदर आफैँ त्यहाँबाट गएको उहाँको भनाइ छ।

चौधरीले भन्नुभयो, "घरको कौसीमा आएर बस्यो। धपाउन खोज्दा पानी ट्याङ्कीमा गएर बस्यो। धपाउँदा पनि नभागेपछि केही समयपछि आफैँ कहाँ गयो थाहा भएन।" स्थानीय गृहिणी अनिता मण्डलले बस्तीमा देखिएका बाँदरले अहिलेसम्म मानिसलाई कुनै क्षति नगरेको बताउनुभयो। हिन्दु धर्ममा बाँदरलाई हनुमान अर्थात् बजरङ्गबलीको स्वरूप मानेर खानेकुरा दिने, पूजा गर्ने र ढोग्ने प्रचलन रहेकाले पनि मानिसले बाँदरलाई सहज रूपमा लिने गरेको उहाँले बताउनुभयो।

मण्डलले भन्नुभयो, "बाँदर देखेपछि बालबालिका उफ्रिने र बाँदर पनि कुद्ने गरेको देखिन्छ। त्यसलाई हेरेर मनोरञ्जन गर्ने गरेका छन्।" डिभिजन वन कार्यालय राजविराजका प्रमुख मनोज ठाकुरले जङ्गलमा आहाराको अभाव भएपछि बाँदर खानेकुराको खोजीमा राजमार्ग आसपास तथा बस्ती क्षेत्रमा आउने गरेको बताउनुभयो। मानिसले बाँदरलाई खानेकुरा दिने गरेपछि बस्तीमा आउन पल्किने र पुनः जङ्गल फर्किन नचाहने उहाँको भनाइ छ।

प्रमुख ठाकुरले राजविराज बजार क्षेत्रमा बाँदर आएको विषयमा आफूलाई जानकारी नभएको बताउनुभयो। उहाँका अनुसार सामान्य अवस्थामा बाँदरबाट मानिसलाई क्षति हुने सम्भावना कम हुन्छ। मानिसले धार्मिक आस्थाका कारण बाँदरलाई हनुमानको स्वरूप मानेर खानेकुरा दिने तथा पूजा गर्ने भएकाले पनि बाँदर मानवबस्ती आसपास रमाउने गरेको उहाँले बताउनुभयो। वन कार्यालयले बाँदरलाई बस्तीमा आकर्षित नगर्न मानिसले जथाभाबी खानेकुरा दिन नहुने र जङ्गल तथा प्राकृतिक वासस्थानमा पर्याप्त आहाराको व्यवस्था हुने वातावरण बनाउनुपर्नेमा जोड दिएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# ‘उच्च शिक्षा सुधारका लागि नीतिगत र संरचनागत सुधारको काम तीव्र गतिमा भइरहेको छ’ : शिक्षामन्त्री

बारा, २० असोज। शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले उच्च शिक्षा सुधारका लागि नीतिगत र संरचनागत सुधारको काम तीव्र गतिमा भइरहेको बताउनुभएको छ। शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा सिमरामा आयोजित उच्चस्तरीय संवाद कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री पोखरेलले नयाँ ऐन निर्माणसँगै राष्ट्रिय पाठ्यक्रम प्रारूपको कामलाई पनि सँगसँगै अघि बढाइएको स्पष्ट पार्नुभयो।



मधेस प्रदेशको शैक्षिक अवस्थालाई विशेष रूपमा इङ्गित गर्दै मन्त्री पोखरेलले भन्नुभयो, “मधेस प्रदेशमा शिक्षा निकै पछि परेको सन्दर्भमा ग्राउन्डको वास्तविक आवाजले सुधारमा ठुलो सहयोग पुग्छ। हामी अहिले नीतिगत सुधारमा सक्रिय रूपमा काम गरिरहेका छौँ, नयाँ ऐन निर्माण, पाठ्यक्रम प्रारूप परिमार्जनको चरणमा छौँ तथा सम्पूर्ण विश्वविद्यालयहरूको ऐन निर्माणमा जुटेका छौँ। यहाँबाट आएका सम्पूर्ण रायसुझावलाई आगामी नीतिहरूमा समेटिनेमा हामी पूर्ण विश्वस्त छौँ।”

उहाँले काठमाडौँको कोठामा मात्र बसेर नीति बनाउँदा स्थानीय आवश्यकता छुट्ने भएकाले जनप्रतिनिधि र सरोकारवालाहरूसँग प्रत्यक्ष संवाद गरेर धरातलीय यथार्थ बुझ्न यो कार्यक्रम महत्त्वपूर्ण रहेको दोहोर्‍याउनुभयो। विश्वविद्यालयहरूको सञ्चालन, विस्तार र विशिष्टीकरणको सन्दर्भमा मन्त्री पोखरेलले गम्भीर प्रश्न उठाउँदै भन्नुभयो, “धेरै विश्वविद्यालय खोलेर मात्रै हुँदैन, विशिष्टीकृत विश्वविद्यालय बनाउनेतर्फ हाम्रो ध्यान जानुपर्छ। १५ वटा विश्वविद्यालय हुँदा पनि सबैले उही पुराना विषय मात्र पढाउने हो भने विश्वविद्यालय खुल्नुको अर्थ रहँदैन।”

“सम्बन्धन बाँडेर र जथाभावी विद्यार्थीको सङ्ख्या मात्र बढाएर नतिजा सुधार हुँदैन। त्यसैले शैक्षिक गुणस्तर, सीपमा आधारित प्रविधिमैत्री शिक्षालाई प्राथमिकता दिनुपर्ने खाँचो छ”, उहाँले विश्वविद्यालयको शैक्षिक गुणस्तर सुधार्नुपर्नेमा जोड दिँदै भन्नुभयो, “विश्वविद्यालयहरूले विद्यार्थीको आकर्षण बढाउन तथा उच्च शिक्षामा विदेशी विद्यार्थीहरूलाई समेत आकर्षण गर्ने किसिमका विशेष प्याकेज कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।”

प्राविधिक शिक्षा र विद्यालय तहको रूपान्तरणबारे बोल्दै मन्त्री पोखरेलले प्रधानमन्त्रीको चाहना अनुरूप मधेसमा विश्वस्तरीय विद्यालयहरूको अवधारणा अघि सारिएको बताउनुभयो। उहाँले भन्नुभयो, “ग्राउन्डले मागेको शिक्षालाई जग मानेर शिक्षा क्षेत्रको विकासमा हामी सक्रिय हुनुपर्छ। मधेस प्रदेशमा माध्यमिक तहसम्मका कम्तीमा १०० वटा विश्वस्तरीय विद्यालयहरू निर्माण वा रूपान्तरण गर्ने गरी भूगोल, जनसङ्ख्या र विद्यार्थी–शिक्षक अनुपातलाई ध्यान दिएर काम गरिरहेका छौँ।”

सिटिइभिटी र नर्सिङ शिक्षामा देखिएका भ्रम तथा समस्याहरूको चर्चा गर्दै उहाँले भारतमा कक्षा १० पछि नर्सिङ मान्यता नभएको यथार्थ स्पष्ट पार्नुभयो र नेपालमा यसको कोटा तथा सम्बन्धनसम्बन्धी समस्याहरू नयाँ नेतृत्व र बन्ने नयाँ ऐनमार्फत छिट्टै समाधान हुने विश्वास दिलाउनुभयो। पाठ्यक्रम र नीति निर्माणको प्रक्रियाबारे स्पष्ट पार्दै मन्त्री पोखरेलले भन्नुभयो, “हामीले ऐन र कागजात पुर्‍याउनका लागि मात्रै कानुन ल्याउने होइन, पुरानै परिपाटीलाई फेरेर वास्तविक समस्याको नीतिगत समाधान खोज्नुपर्छ। मुगुको आवश्यकता र बाराको आवश्यकता फरक हुन्छ, त्यसैले स्थानीय बजार, संस्कृति र समाजको रूपान्तरण खोज्ने खालको पाठ्यक्रम बन्नुपर्छ।”

# महोत्तरीमा ओल किसानको व्यस्तता बढ्यो



महोत्तरी, २० असोज। चाडपर्व सुरु हुनै लागेपछि महोत्तरीका ओल ( माटोमुनि फल्ने मधेसको खास तरकारीबाली) किसानको व्यस्तता थप बढेको छ। दसैं, तिहार र छठलगायत चाडबाड नजिकिँदै गर्दा अहिलेदेखि नै ओल खन्न र भण्डारण गर्न स्थानीय किसान लागेका छन्। खनेर थुपारेको ओल महिनौँसम्म ताजा रहन्छ।

“अहिले खेतीपातीको अन्य धपेडी छैन, नवरात्र लागेपछि चाडबाडको तयारीमा लाग्नपर्छ। त्यसैले ओल खन्न लागेका छौँ”, भङ्गाहा–४ रामनगरका किसान रामसागर यादव भन्छन्, “अहिले खनेर राखे दशहारा, दीपावली र छठका बेला बजार पुर्‍याउने काममात्र रहन्छ।” यादव जस्तै उहाँका छिमेकी हशन कवारी, चन्देश्वर राय दनुवार र उपेन्द्र यादव ओल खन्ने तयारीमा छन्। मधेसमा ओल धनीमानीले खाने तरकारीका रूपमा मानिन्छ। यसको मूल्य अन्य तरकारीको तुलनामा बढी पाइने र उत्पादन पनि राम्रो हुने भएकाले महोत्तरीको उत्तरवर्ती क्षेत्रका किसानको रोजाइको बाली बनेको छ।

जिल्लाका भङ्गाहा, बर्दिवास र गौशाला नगरक्षेत्रका बस्तीमा यसको खेती गरिएको छ। बलवा नगरपालिकाको धमौरा, लोहारपट्टी र मट्हिानी नगरपालिकाका अधिकांश बस्तीका किसानले खेती गरेका छन्। “व्यापारी घरमा आउने गरेका छन्, नआए पनि बजार पुर्‍याएपछि बिक्री भइहाल्छ”, बलवा–१० धमौराका नविजान कवारी भन्छन्, “राम्रो भाउ पाउनेबेला पारेर बेच्न सकिन्छ।” एक कट्ठामा १० क्विन्टलसम्म ओल फल्ने स्थानीय किसानको भनाइ छ।

मधेसमा ओलको तरकारी, चटनी, अचार र तरुवा प्रसिद्ध परिकार मानिन्छ। पहिले रैथाने ओल हुनेखानेको भान्सामा मात्र पुग्थ्यो। अरू तरकारीभन्दा निकै महँगो भएकाले यो धनीले मात्र खान सक्ने मानिन्थ्यो। बजार भाउ र उत्पादन राम्रो हुने गरे पनि महोत्तरीमा यो खेती अझै व्यावसायिक बन्न सकेको छैन। यहाँका किसानले मुख्य खेतीका रूपमा ओललाई अझै स्वीकार गर्न नसकेको भङ्गाहाका कृषि शाखा प्रमुख सन्तोष कार्कीको भनाइ छ।

किसानले यो खेतीका लागि व्यावसायिक चासो देखाए सुलभ मूल्यमा राम्रो बीउ, प्राविधिक रेखदेख र टाढाका बजारसँग आवश्यक समन्वय प्रबन्ध कृषि शाखाले गर्ने उनको भनाइ छ। पछिल्ला केही वर्षदेखि ओलखेती क्रमशः बढ्दै गएको र केही किसान प्रत्यक्ष सम्पर्कमा आएका उनले बताए। थोरै सिँचाइमा पनि हुने र अन्य तरकारी बालीलेभन्दा बढी वर्षा खेप्नसक्ने भएकाले यसको खेती सहजै गर्न सकिने स्थानीय किसानको भनाइ छ। थोरै लगानी र कम मेहनतमा राम्रो उत्पादन लिन सकिने गौशाला–१० लक्ष्मीनियाँका किसान लक्ष्मीप्रसाद महतोको भनाइ छ।

अन्य बालीभन्दा घामपानी खप्न सक्ने र लामो समयसम्म घरमा भण्डारण गर्न सकिने हुनाले ओल सजिलो र आम्दानीको दृष्टिले भरपर्दो रहेको बर्दिबास–९ पशुपतिनगरका किसान रामविनोद महतो बताउँछन्। दुई वर्ष पहिलेसम्म सम्पर्कमै नआउने यहाँका किसान अब भने ओलखेतीबारे सल्लाह लिन थालेको कृषि कार्यालयका फलफूल विज्ञ तथा सूचना अधिकारी अविरलकुमार महतोको भनाइ छ।

# पूर्वसहमहामन्त्री महेन्द्र यादवले पुनः सहमहामन्त्रीमै उम्मेदवारी दिने

जनकपुरधाम। नेपाली कांग्रेसको १५औँ महाधिवेशनमा पूर्वसहमहामन्त्री महेन्द्र यादवले पुनः सहमहामन्त्री पदमा उम्मेदवारी दिने घोषणा गरेका छन्। १४औँ महाधिवेशनमा मधेसी क्लस्टरबाट सहमहामन्त्री निर्वाचित भएका यादवले यसपटक पनि सोही क्लस्टरबाट सहमहामन्त्री पदमै उम्मेदवारी दिने घोषणा गरेका हुन्। आफ्नो उम्मेदवारीबारे स्पष्ट पार्दै यादवले कांग्रेसलाई विचारमा स्पष्ट, संगठनमा सक्रिय, आचरणमा अनुशासित, शासनमा जवाफदेही र जनतासँग निरन्तर जोडिएको पार्टी बनाउने उद्देश्यले पुनः सोही पदमा उम्मेदवारी दिन लागेको बताए।



उनले लोकतान्त्रिक गणतन्त्र, समावेशिता र समानुपातिक व्यवस्थालाई सुदृढ गर्न, पार्टीलाई एकढिक्का बनाउन तथा बहुदलीय र संसदीय व्यवस्थालाई कमजोर बनाउने प्रयासविरुद्ध कांग्रेसलाई सशक्त बनाउन उम्मेदवारी दिन लागेको बताए। यादवले यसअघि पनि सहमहामन्त्री पदमा बसेर काम गरिसकेकाले पुनः अवसर पाए पार्टी र कार्यकर्तालाई एकढिक्का बनाउन सहज हुने दाबी गरे। आफूभन्दा माथिल्लो पदमा उम्मेदवारी दिनुपर्ने सुझावबारे उनले आफू ‘अपग्रेड’ भएर जानुपर्ने भए पनि पार्टीका धेरै सिनियर नेताहरू उपसभापति र महामन्त्रीमा उम्मेदवारी दिने तयारीमा रहेकाले उनीहरूको अपेक्षालाई ध्यानमा राख्दै यसपटक पनि सहमहामन्त्रीमै प्रतिस्पर्धा गर्ने निर्णय गरेको बताए।

तरुण दलको केन्द्रीय अध्यक्ष, नेपाल विद्यार्थी संघको केन्द्रीय उपाध्यक्ष तथा कांग्रेसको सहमहामन्त्रीको जिम्मेवारी सम्हालिसकेका यादवले आफ्नो राजनीतिक योगदानका आधारमा पनि पार्टीका नेता–कार्यकर्ताले सहयोग गर्ने विश्वास व्यक्त गरे। प्रजातन्त्र पुनःस्थापनाका लागि २०३६ सालदेखि नै संघर्ष गरेको र पटक–पटक जेलनेलसमेत भोगेकाले अहिले देशमा देखिएका समस्या समाधानमा आफ्नो भूमिका महत्त्वपूर्ण हुने उनको भनाइ छ।

यादव कांग्रेसको मधेसी समुदायबाट राष्ट्रिय राजनीतिमा स्थापित नेता हुन्। उनी लामो समयदेखि कांग्रेसको केन्द्रीय राजनीतिमा सक्रिय रहँदै आएका छन्। संसदीय र कार्यकारी दुवै भूमिका निर्वाह गरिसकेका यादव संविधानसभा तथा व्यवस्थापिका–संसद्का सदस्यसमेत भइसकेका छन्। मधेसी क्लस्टरबाट यसअघि नै सहमहामन्त्री निर्वाचित भइसकेकाले यही पदमा पुनः प्रतिस्पर्धा गर्नु आफ्नो स्थापित राजनीतिक आधारलाई निरन्तरता दिने प्रयास भएको यादवको भनाइ छ। उनका अनुसार कांग्रेसको संरचनामा मधेसी क्लस्टरको सहमहामन्त्री पदले मधेसी समुदायको प्रतिनिधित्व गर्ने महत्त्वपूर्ण संस्थागत भूमिका राख्छ।

उनले सहमहामन्त्री पद व्यक्तिगत राजनीतिक हैसियतसँगै मधेसी समुदायको प्रतिनिधित्वसँग जोडिएको पद भएकाले पनि यही क्लस्टरबाट पुनः उम्मेदवारी दिन लागेको बताए। पछिल्ला निर्वाचनमा मधेसमा कांग्रेससहित परम्परागत दलहरूले नयाँ राजनीतिक शक्तिसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था बनेको यादवको भनाइ छ। यस्तो अवस्थामा मधेसबाट पार्टीको पदाधिकारी तहमा अनुभव भएको नेताका रूपमा आफूले सहमहामन्त्री पदमा उम्मेदवारी दिँदा कांग्रेस र मधेसबीचको सम्बन्धलाई थप मजबुत बनाउन सहयोग पुग्ने उनले बताए।

# वरिष्ठताक्रम मिचेर न्यायाधीश सिफारिस

काठमाडौं, २० असोज। न्यायपरिषद्ले न्यायाधीशहरूको वरीयताक्रम, अनुभव र कार्यक्षमताको मूल्यांकन नगरी सर्वोच्च अदालतमा चारजना न्यायाधीशको सिफारिस गरेको छ। मंगलबारको न्यायपरिषद्को बैठकले उच्च अदालतका एक मुख्य न्यायाधीश सहित अरु तीन न्यायाधीशलाई सर्वोच्चमा सिफारिस गरेको हो। सर्वोच्च अदालतमा पाँचजना न्यायाधीश सिफारिस गर्न मिल्नेमा एउटा पद भने खाली राखिएको छ।

उच्च अदालतको मुख्य न्यायाधीशमा पहिलो वरीयतामा रहेका पोखराका मुख्य न्यायाधीश डा. रत्नबहादुर बागचन्द सर्वोच्चमा सिफारिस भएका छन्। २०६६ सालदेखि न्यायसेवामा प्रवेश गरेका उनी दुई वर्षदेखि उच्च अदालतको मुख्य न्यायाधीश थिए। उच्च अदालतको वरिष्ठताक्रममा रहेका अरू चार मुख्य न्यायाधीश र थप चार न्यायाधीश छाडेर न्यायपरिषद्ले पाँचौं नम्बरका चन्द्रबहादुर सारुलाई सर्वोच्चमा सिफारिस गरेको छ। यसरी सिफारिस गर्दा उच्च अदालतका मुख्य न्यायाधीशहरू राजनप्रसाद भट्टराई, लालबहादुर कुँवर, हरिप्रसाद भण्डारी र राजेश्वर तिवारी छुटेका छन्।

सारुभन्दा अगाडीको वरिष्ठताक्रममा रहेका उच्च अदालतका न्यायाधीशहरू दिनेशप्रसाद यादव, कृष्णलाल भट्टराई, यमुना भट्टराई र टेकनारायण कुँवर पनि सर्वोच्चमा सिफारिस भएनन्। पाँचौ क्रमका सारुपछि न्यायपरिषद्ले ११ औं बरियताका जनक पाण्डेलाई सिफारिस गरेका हुन्। त्यसपछि १४ औं वरीयताका गोकर्ण डाँगी सर्वोच्चमा सिफारिस भएका छन्। बागचन्द २०७० सालमा र अरु सबै न्यायाधीश २०७३ सालमा उच्च अदालतमा सिफारिस भएका हुन्।

न्यायपरिषद्का एक सदस्यका अनुसार, नेपाल बार एशोसिएसन तथा कानून व्यवसायी वृत्तबाट हुने विरोध र आलोचना रोक्न एकजनाको नाम सिफारिस नगरी रिक्त राखिएको हो। ‘कानून व्यवसायी समूदायबाट खै प्रतिनिधित्व भनेर प्रश्न उठ्नसक्छ, त्यसका लागि तपाईंहरूको कोटा बाँकी छ भनेर देखाउन एउटा पदमा सिफरिस नभएको हो,’ ती सदस्यको दाबी छ, ‘यसअघि प्रधान्यायाधीश प्रकाशमानसिंह राउतको पालामा जे भएको थियो, त्यही शैली अपनाइयो।’

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)